# लेकम गाउँपालिका

## आर्थिक वर्ष २०८३/०८४
## नीति तथा कार्यक्रम

यस लेकम गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनको गरिमामय सभामा उपस्थित लेकम गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लेकम गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण लेकम गाउँपालिकाका आदरणीय आमा-बुवा, दाजुभाई तथा दिदि बहिनीहरु,

स्थानीय सरकार प्रमुखको हैसियतले लेकम गाउँपालिकाको गरिमामय सभामा निर्वाचित भएर आइसकेपछि आफ्नो कार्यकालको पाँचौं वार्षिक नीति तथा कार्यक्रमको रुपमा यस गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवाम्बित महसुश गरेको छु। लोकतन्त्रको आधारभूत मूल्य मान्यताको सम्मान,मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को आकांक्षालाई आत्मसाथ गर्दै लेकम गाउँपालिकाको दीर्घकालीन सोच पूरा गर्ने तर्फ प्रतिवद्ध रही यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछुं ।

गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमी, विकास प्रतिको धारणा र साँस्कृतिक, काननुी व्यवस्था आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्णरुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ । यद्यपि हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा लेकम गाउँपालिकाका वडा समितिहरु, विषयगत समितिहरु, बजेट तथा योजना तर्जुमा समिति र विषयगत शाखाका कर्मचारीहरु तथा आम लेकमबासी जनताको परामर्श समेतको आधारमा गाउँपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

संबिधान र संघीयताको प्रभावकारी कार्यान्वयन, सार्वजनिक खर्चमा मितव्ययिता,पूजीगत खर्च वृद्धि,गुणस्तरीय पूर्वाधार निर्माण,शासकीय व्यवस्था,सेवा प्रभावमा सुधार,भ्रष्टाचार नियन्त्रण,उत्पादन र रोजगारी वृद्धि,आर्थिक सामाजिक विभेदको अन्त्य,गरिबी निवारण,समावेशी विकासलाइ प्राथमिकतामा राखेको छु ।

नीति तथा कार्यक्रमलाइ तर्जुमा गर्दा नेपालको संबिधान र प्रचलित ऐन कानुनहरुले औल्याएका विषय वस्तु, दिगो बिकासका लक्ष्य, १६ औं योजना, मध्यकालीन खर्च संरचना, सुदूरपश्चिम सरकारको पञ्चवर्षिय योजना, संघीय सरकार तथा प्रदेश सरकारले लिएको नीतिको जगमा टेकेर लेकम गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरणको लागी सुशासन, विकास, र सामाजिक न्याय सहित "संमृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

**उपस्थित महानुभावहरु,**

चालु आर्थिक वर्षमा यस लेकम गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनबाट सेवा प्रवाह सेवा प्रारम्भ भएको छ। यसबाट संस्थागत क्षमता अभिवृद्धि भइ सेवा प्रवाह छिटो, छरितो र सरल हुन गई सेवा प्रवाहमा थप सहज भएको विश्वास लिएको छु। गाउँपालिकाको प्रमुख सडकका रुपमा रहेको गोकुलेश्वर लाली सडक खण्डको स्तरोन्नती कार्य सम्पन्न भएको छ। उक्त सडकको कालोपत्रे गर्नका लागि आवश्यक सर्भे कार्य सम्पन्न भई आगामी आर्थिक वर्षबाट कार्य अगाडी बढ्ने अपेक्षा लिएको छु । ट्र्याक खोलिएका सम्पूर्ण सडकहरु नियमित सञ्चालन हुने गरी सडक सरसफाई गर्ने कार्य निरन्तर भईरहेको छ। रातामाटा गराडी सडक अन्तर्गत लिसिनी भीरमा कडा चट्टानी भूभागको ट्र्याक खोल्ने कार्य यसै आ.व.मा सम्पन्न हुंदैछ ।सामाजिक सुरक्षा भत्ता वितरणलाई जेष्ठ तथा अशक्त लाभग्राहीहरुको चाहना अनुरुप घुम्ति सेवा प्रवाह गरी बैंकिङ सेवा मार्फत वडा कार्यालय मै वितरण गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई लाभग्राहीको हितकेन्द्रित गरिएको छ ।लेकम गाउँपालिकालाई पूर्ण विद्युतिकरण गर्नका लागी विद्युतीकरण हुन बाकी रहेका टोलहरुमा विद्युत जडान गर्ने कार्यलाई निरन्तर रुपमा अगाडी बढाएको छ ।

यि विभिन्न उपलब्धी हासिल गर्न यहाँहरुको रचनात्मक सुझाव तथा गाउँबासीहरुको सहयोगबाट नै हो भन्ने मलाई लाग्छ । लेकम गाउँपालिकाको विकास र समृद्धि, सेवा प्रवाह र सुशासनका लागी हामी एकै छौ भन्ने भावनाले गर्दा समन्वय र सहकार्य अभिवृद्धि भई सरकारले लिएका वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सहजता हुन पुगेको छ। आगामी दिनहरुमा समेत हामी सबैको प्रयास र प्रयत्न यसैमा समर्पित हुनेछ भन्ने विश्वास लिएको छु।

**उपस्थित महानुभावहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४,विभिन्न ऐनहरु तथा संघ तथा प्रदेश सरकारका आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको मार्गदर्शनका आधारमा यो नीति तथा कार्यक्रमले गाउँपालिकाको समग्र विकास, सुशासन, सामाजिक न्याय, समृद्धि र सेवा प्रवाहलाई केन्द्र विन्दुमा राख्दै लेकम गाउँपालिको आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँ कार्यपालिकाबाट स्वीकृत भई आएका क्षेत्रगत नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

# आर्थिक विकास तर्फ:

## ❖ कृषि विकास तर्फ:

**"दिगो एवं जलवायु अनुकुल मैत्री कृषि सामग्री, लेकमको समृद्दी"**

- व्यवसायिक तरकारी खेतीमा आत्मनिर्भर बन्नका लागि कृषकहरुलाइ मौसमी तथा बेमौसमी तरकारी बीउविजनको व्यवस्था साथै उत्पादनका लागि पोलिहाउस संरचनामा अनुदान उपलब्ध गराइनेछ ।
- कृषि योग्य भूमिको सुनिश्चित गर्न पालिका भित्र रहेका सम्पूर्ण कृषि योग्य जमिनमा खेती प्रोत्साहन गरिनेछ।
- लागत मूल्य घटाउन कृषि यान्त्रिकरण कार्यक्रम लागु गरि कृषिमा व्यवसायिकरण गरिनेछ ।
- माटोको उर्वराशक्ती जाँच गर्नका लागि माटो जाँच शिविर संचालन गरिनेछ ।
- रासायनिक विषादीको प्रयोग कम गराइ प्रांगारिक मलको प्रयोग गर्दै अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ।
- कृषिजन्य बालीवस्तुमा आकस्मिक रोग तथा किराको प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि आकस्मिक बाली संरक्षण विशेष कार्यक्रम संचालन गरिनेछ ।
- लेकम गाउपालिका भित्र उत्पादन भएको अदुवा,बेसार खेतीलाई प्रवद्धन गरि उचित प्याकेजिङ्ग, लेबलिङमा जोड दिइने छ ।
- पालिकाको ६ वटै वडामा एक वडा एक विशेष उत्पादन क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- भौगौलिक विविधता अनुसार फलफुल खेतीको विस्तार गरिनेछ ।
- किसान सूचीकरण कार्यक्रम मार्फत पालिका भित्रका कृषकहरुको डिजिटल अभिलेख तयार गरी अनुदानसँग आवद्व गरिनेछ ।
- फ्रुट खेती प्रवद्धन कार्यक्रमलाइ सम्भाव्यताका आधारमा संचालन गरिनेछ ।
- दिगो कृषिको आधार प्रांगारिक खेतीको विस्तारको अभियान अन्तर्गत प्रांगारिक पकेट क्षेत्र घोषणा गरी कृषीमा जलवायु मैत्री कृषि प्रविधिहरुको विस्तार एवंम प्रवद्धन गरिनेछ ।

## ❖ पशु सेवा तर्फ:

- पशुपालन क्षेत्रलाइ व्यवसायिकरण, आधुनिकरण तथा बजारीकरण गर्दै ग्रामीण अर्थतन्त्रको प्रमुख आधारका रुपमा विकास गरिने छ ।
- दुग्ध,मासु,अण्डा तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन उत्पादनमुखी कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय श्रोत,साधन,वातावरण अनुकुल पशुपालन प्रविधि विस्तार गरिनेछ ।
- पशु स्वास्थ्य सेवाको पहुँच गाउँपालिकाका सबै वडासम्म विस्तार गरिनेछ ।
- उन्नत जातको पशुपंक्षी प्रवद्धन तथा स्थानीय जातको पशुपक्षीको संरक्षण गरिनेछ ।

- युवा,महिला,दलित तथा विपन्न समुदायलाइ लक्षित गरि आय आर्जनमुखी पशुपालन कार्यक्रम संचालन गरिनेछ ।
- पशुजन्य रोग नियन्त्रण तथा महामारी व्यवस्थापनलाइ प्रभावकारी बानाइनेछ ।
- घाँस तथा पशु आहार उत्पादनलाई प्रोत्साहन गरि उत्पादन लागत न्यूनीकरण गरिनेछ ।
- लम्पी,खोरेत, पी.पी.आर. र रेबिज रोग नियन्त्रणको लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

❖ <u>राजश्व संकलन तथा परिचालन:</u>

- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धि प्रक्रिया सम्पन्न भईसकेको चमेलिया नदि,साजिगाड खोलाबाट उत्खनन हुने नदिजन्य पदार्थबाट राजश्व संकलन गरि आन्तरिक राजश्व वृद्धि गरिनेछ ।
- करदाताहरुमा स्वस्फूर्त रुपमा कर तिर्ने भावनाको विकास गर्दै करदाता मेत्री राजश्व प्रशासनको विकास गरिनेछ ।
- दर्ता गरिएका तथा दर्ता हुन बाँकी उद्यमहरुलाई दर्ता प्रकृयामा ल्याई राजश्व संकलनको दायरा फराकिलो बनाईनेछ।
- आन्तरिक राजस्व संकलनलाई मजबुत बनाउन राजस्व संकलनमा अनलाईन प्रणालीलाई थप प्रभावकारी बनाउदै वडा कार्यालयहरुको राजश्व संकलनलाई पूर्ण रुपमा अनलाईन प्रणालीमा आवद्ध गरिनेछ ।

<u>सहकारी तथा वित्तिय सेवा:</u>

- स्थानीय सहकारी संस्थाको दर्ता, परिचालन, प्रवद्धन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने नीति लिई कार्यक्रम संचालन गरिने छ।
- कृषि तथा बहुउद्वेश्यीय सहकारीहरुलाई उत्पादन ,संकलन र स्थानीय बजार प्रवर्दनमा प्रोत्साहित गरिनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेको लक्ष्मी सनराईज बैकको शाखाबाट प्रदान गरिने वित्तिय सेवालाई थप प्रभावकारी बनाउन बैकंसँगको सहकार्यमा वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>उद्योग प्रवर्दन तथा लघुउद्यम विकास तर्फ :</u>

- नेपाल सरकारले लिएको गरिवी न्यूनिकरणको लक्ष्यलाई दीगो बनाउनका लागि बेरोजगार युवायुवती वैदेशिक रोजगारी बाट फर्किएका तथा जेन्जी आन्दोलनका कारणले उद्यम व्यवसाय गुमाएका व्यक्तिहरुका लागि उद्यमशीलता विकास तालिम प्रदान गरिने छ।
- उद्यमशिलता विकास तालिम तथा रोजगारी सृजना गर्न उद्यम विकास रणनीति योजनाहरु तयार गरिने छ ।
- बजारको माग श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना गरि उद्यमी व्यवसायीहरुलाई दीगोरुपमा व्यवसाय सञ्चालन गर्नका लागि आवश्यकता र मागको आधारमा स्तरोन्नती तथा प्रविधी हस्तान्तरण गरिने छ ।

- वैदेशिक रोजगारीलाई निरुत्साहित गरी महामारीका,जेन्जी आन्दोलनका कारणले रोजगारी गुमाई उद्यमी व्यवसायीहरुलाई पुनः रोजगारी तथा उद्यम व्यवसायमा फर्काउनका लागि उद्यमशिलता विकास तालिम र सीप विकास तालिम संचालन गरी थप आयआर्जन गर्नमा मदत गरिनेछ ।
- उद्यमशिलता तथा सीप विकास तालिम लिएका दक्ष उद्यमी व्यवसायीहरुको सीप परिक्षण गर्न आवश्यक पहल गरिने छ।
- स्थानीय स्तरमै रोजगारीका अवसरहरु सृजना गरी गरिनेछ ।
- दक्ष उद्यमी व्यवसायीको रोष्टर तयार गरिने छ ।
- गाउँपालिका भित्र रहेको सम्पुर्ण उद्यम व्यवसायीहरुलाई व्यवसाय दर्ता प्रक्रियामा ल्याईने व्यवस्था मिलाइने छ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको नीति अनुसार उद्यमीहरुलाई लागत साझेदारीको आधारमा प्रविधी हस्तान्तरण गरिने छ ।
- उत्पादन गरिएका बस्तु तथा सेवाहरुको बजारीकरण,लेबलिङ,प्याकेजिङ आदिमा सहजीकरण गरिने छ ।
- लेकम गाउँपालिकामा उत्पादन गरिएका वस्तुहरुलाई स्थानीय तथा राष्ट्रियस्तरका मेला महोत्सवमा प्रदर्शनीका लागि पठाईने नीति अवलम्वन गरिने छ ।
- उद्यमको प्रकृतिका आधारमा उनीहरुको व्यवसायलाई थप टेवा पुर्याउने उद्धेश्यले उनीहरुलाई आन्तरिक तथा बाह्य ठाउँमा बजारीकरण तथा अवलोकनमा पठाइने व्यवस्था मिलाईने छ ।
- नेपाल सरकार,मन्त्रिपरिषदको मितिः २०७७।०७।०४ को निर्णयबाट पारित भएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास (मेडपा) मोडेल बमोजिम थप आवश्यक सहयोग गरिने छ ।

## रोजगार,सीप तथा उद्यमशीलता विकास तर्फः

- राष्ट्रिय रोजगार प्रवद्धन कार्यक्रममा साझेदारी गर्दै एकीकृत रुपमा रोजगार,सीप तथा उद्यमशीलता मार्फत वेरोजगार युवाहरुको लागि रोजगार प्रवद्धनात्मक कार्यक्रमहरु संचालन गरिने छन ।
- संघीय सरकारको आन्तरिक रोजगारी दशक २०८२/०८३- २०९३/०९४ सफल बनाउन आन्तरिक रोजगारी प्रवद्धनमा विशेष जोड दिइने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि उहाँहरुको पूँजी, सीप र दक्षतालाइ मध्यनजर गर्दै व्यवसाय प्रवद्धनमा साझेदारीका कार्यक्रमहरु संचालन गरिने छन ।
- बजारमा माग भएको तर गाउँमा दक्ष जनशक्ति नभएको अवस्थालाई चिर्न बजार केन्द्रित सीप मा जोड दिदै **"सिक्दै कमाउँदै अभियान"** लागु गरि स्थानीय विद्यालय वा प्राविधिक शिक्षालयहरूसँगको समन्वयमा प्लम्बिङ, वायरिङ, डकर्मी, सिकर्मी, र मोबाइल/कम्प्युटर मर्मत जस्ता तत्कालै स्वरोजगार बन्न सकिने छोटो अवधिको On-the-job तालिम सञ्चालन गरिनेछ ।

- युवाहरुको सुचना प्रविधिप्रतिको चांसो र लगाबलाई ध्यानमा राख्दै युवाहरुको लागि डिजिटल मार्केटिङ र AI सम्बन्धि तालिम संचालन गरिने छ ।
- मानसिक स्वास्थ्य र कल्याणलाई ध्यानमा राखी गाउँपालिकामा सञ्चालित मनोसामाजिक परामर्श सेवालाई थप प्रभावकारी, सुदृढ र सुरक्षित (Confidential) बनाउँदै निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूमा बढ्दो डिजिटल कुलत, शैक्षिक तनाव र लागूपदार्थ दुर्व्यसनी कम गर्न विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ। साथै शिक्षकहरूलाई प्राथमिक मनोसामाजिक सहयोग (Psychological First Aid) सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिइनेछ।

## सामाजिक विकास तर्फ

### शिक्षा,युवा तथा खेलकुद :

- विद्यालयहरुमा शैक्षिक सुशासन प्रवर्द्धन गर्न गाउँपालिका भित्रका १० वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा आर्थिक बर्षको सुरुवातदेखि नै विधुतीय हाजिरी (e- attendance) लागु गरिनेछ ।
- "अनिवार्य तथा निशुल्क शिक्षा र शैक्षिक गुणस्तर,लेकम गाउँपालिकाको समृद्धिको आधार" भन्ने मर्ममा आधारित भई शिक्षामा लगानी बढाइनेछ ।
- "हाम्रो विद्यालय, हामी बनाउँछौं" भन्ने भावनाको विकासका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लब र अन्य सरोकारवालाहरुलाई शैक्षिक गुणस्तरका लागि क्रियाशील बनाइनेछ ।
- शिक्षण सिकाईमा नविनतम शिक्षण विधिहरुको प्रयोग गरी सिकाइलाई समय सापेक्ष बनाउन विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरुका लागि पुर्नताजगी तालिम संचालन गरिनेछ ।
- विद्यालयमा दिवा खाजामा स्थानीय सामग्रीको प्रयोगलाई अनिवार्य गरिनेछ र यस कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि गाउँपालिकाबाट अनुगमनका साथै व्यवस्थापनका लागि पहल गरिनेछ।
- विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकास गर्न आधारभूत र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि बाल प्रतिभा पहिचान कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिनेछ ।
- गाउँपालिका स्तरीय आधारभूत तह उत्तिर्ण परीक्षा ( कक्षा ८ ) व्यवस्थापनको लागि दिगो स्रोत निर्धारण तथा विज्ञ छनौट जस्ता व्यवस्थापकीय पक्षलाई सुदृढीकरण गरिनेछ ।
- शिक्षकलाई सम्मानित पेशाका रुपमा स्थापित गरिनेछ । बालवालिकालाई अध्ययनमा लगनशिल हुने वातावरण तयार पारिने छ । निश्चित मापदण्ड तयार गरी शिक्षक एवम् विद्यार्थीलाई सम्मान र पुरष्कृत गरिने व्यवस्था मिलाइने छ
- अनुशासित र नैतिकवान विद्यार्थी तयार पारि सभ्य समाजको निर्माण गर्न प्रत्येक माध्यमिक विद्यालयमा बालक्लब, रेडक्रस एवम् स्काउट स्थापना गरि परिचालन गरिनेछ ।

- विद्यालय बाहिर रहेका सबै बालवालिकालाई विद्यालयमा प्रवेश गराइ "बालबालिकालाई विद्यालय ल्याऔं पढाइमा टिकाऔं" भन्ने मान्यतालाई आत्मसात गर्दै गाउँपालिका भित्रका सबै वालवालिकाहरुलाइ कम्तीमा माध्यमिक तह सम्मको शिक्षा पूरा गर्ने वातावरण तयार पारिने छ ।
- अनुगमन तथा सुपरिवेक्षण प्रक्रियालाई व्यवस्थित, प्रभावकारी र लक्ष्योन्मुख बनाउन गाउँपालिका भित्रका विज्ञ शिक्षक सहितको शिक्षक सहयोग संयन्त्र गठन गरी शिक्षा, युवा तथा खेलकुद शाखाद्धारा प्रत्येक तीन महिनामा नमूना पाठ प्रदर्शन सहित विद्यालय सुपरीवेक्षण गरिने छ ।
- " खेल खेलौं, स्वस्थ्य रहौं" भन्ने मूल नाराका साथ विद्यालय तह देखि नै खेलकुदको विकास गर्न प्रत्येक विद्यालयमा आन्तरिक खेलकुद प्रतियोगिता, वडागत खेलकुद प्रतियोगिता र पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।
- वालविकास केन्द्र सवलिकरण तथा नमूना वालविकास केन्द्र निर्माण गर्ने नीति अनुरुप सम्पूर्ण वालविकास केन्द्रलाई सबलीकरण गर्दै नमूना बालविकास केन्द्रको रुपमा विकास गरिने छ ।
- सार्वजनिक शिक्षाको गुणस्तर सुधारका ज्वलन्त मुद्दा एवम् चुनौतीहरु समाधान गर्न शैक्षिक गोष्ठी तथा तालिमहरु सञ्चालन गरिनेछ ।
- शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग गरी वस्तुगत तथा उपलब्धिपूर्ण सिकाई प्रक्रिया सुनिश्चित गर्न सम्पूर्ण विद्यालयलाई लक्षित गरी शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गरिने छ ।
- आधारभूत तहसम्मको बसाई व्यवस्थापनलाई सहज बनाई वाल मनेविज्ञान अनुरुप अध्यापन गराउने उदेश्यले आधारभूत वाल कक्षा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- लेकम गाउँपालिका भित्रका विद्यार्थीहरु मध्येबाट SEE र कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छ ।
- "योग गरौ स्वस्थ्य रहौं" भन्ने नाराका साथ विद्यालय तह देखि नै योग अभ्यासलाई अनिर्वार्य रुपमा लागु गर्न प्रत्येक दिन विद्यालयको प्राथना समयमा योग गर्ने बानिको विकास गर्न सामुदायिक विद्यालयहरुलाई जिम्मेवार वनाईनेछ ।
- सूचना तथा प्रविधिको प्रयोग सहित विद्यालयलाई स्मार्ट पद्धतिमा गाउँपालिका भित्र रहेका विद्यालयहरुलाई सूचना प्रविधि जन्य सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- समुदाय र विद्यालयको साझेदारीमा विद्यालय हरियाली कार्यक्रम संन्चालन गरी हरियालि प्रवर्द्धन गरिनेछ ।
- विद्यालयमा किशोर किशोरीहरुलाई आउने स्वास्थ्य सम्बन्धी समस्या समाधानका उपाय सचेतना जगाउने कार्यक्रमका लागि सम्बन्धित वडाका स्वास्थ्य चौकीहरुसँगको समन्वयमा विद्यालयहरुमा स्वास्थ्य सचेतना शिविर सञ्चालन गरिनेछ ।

- निम्न माध्यमिक र माध्यमिक तहमा रहेको विषयगत शिक्षक दरवन्दी अभावलाई पूर्ति गर्नको लागि आवश्यकताका आधारमा एकपटकका लागि गाउँपालिकाबाट शिक्षक दरवन्दी पदपूर्ती गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका युवाहरुको खेलप्रतिको लगावलाई मध्यनजर गर्दै अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।

**<u>दिवा खाजा व्यवस्थापन</u>**

- खाद्य स्वच्छता,पोषण तथा खाद्य सुरक्षाका मापदण्डको पूर्ण पालना गर्दै विद्यालय तहका बालबालिकाहरुलाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराईनेछ ।
- दिवा खाजा व्यवस्थापनमा विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय तहबीच समन्वय र सहभागिता सुनिश्चित गरिनेछ ।
- स्थानीय कृषि उत्पादनलाई प्रवर्दन गर्दै स्थानीय कृषि उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न कृषि क्षेत्रमा बहुपक्षिय लगानी बृद्धि गरि पोषणयुक्त दिवा खाजाको सुनिश्चितता गरि गुणस्तरीय शिक्षामा जोड दिईनेछ ।

❖ **<u>स्वास्थ्यतर्फ:</u>**

- जनताको आधारभूत सेवा पाउने कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न तथा आधारभूत स्वास्थ्य सेवा मौलिक अधिकारको सुनिश्चित गर्न जनता लक्षित जनस्वास्थ्य कार्यक्रम अवलम्वन गरिने छ।
- प्रजनन रुग्णता भएका महिलाहरुको जाँच तथा उपचारको सुनिश्चितता गरिने छ ।
- स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवा न्यूनतम सेवा मापदण्डले निर्देशित गरे बमोजिम सुनिश्चित गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा पुर्ननिर्माण तथा मर्मत सम्भार गरिने छ ।नियमित औषधि र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि औषधिको व्यवस्थापन गरिने छ ।
- प्रेषण गरिएका गर्भवति तथा सुत्केरी महिलाहरुलाई निशुल्क एम्वुलेन्सको सुविधा उपलव्ध गराईने छ ।
- क्षयरोग निवारणको लागि नेपाल क्षयरोग निवारण नीति लाई अवलम्वन गरिने छ ।
- नसर्ने रोग स्क्रिनिङ् तथा उपचारको लागि विशेषज्ञ चिकित्सकीय सेवा सहितको घुम्ती शिविर संचालन गरिने छ ।
- किटजन्य रोग पहिचान निवारण तथा उपचारको लागि स्वास्थ्यकर्मी जनप्रतिनिधीहरुलाई अभिमुखिकरण गरिने छ ।
- महामारी नियन्त्रणको लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिने छ ।
- लेकम गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरु डिजिटल प्रविधि मैत्रि Paperless बनाउन आवश्यक व्यवस्थापन गरिने छ । संस्थाहरुमा ईन्टरनेटको व्यवस्था गरि प्रविधि संग जोडिने छ ।

• पोषणमैत्री गाउँपालिकाको सुनिश्चितताको नीति अवलम्बन गरिने छ ।

• पालिकाको भौगोलिक अवस्थालाई ध्यानमा राखी नागरिकको चिकित्सक संगको चिकित्सकीय सेवाको पहुँचको सुनिश्चितताको लागि स्मार्ट हेल्थ (Teli Health) संचालन गरिने छ ।

• पालिका भित्रका स्वास्थ्य चौकीमा संचालन हुदै आएको प्रयोगशाला सेवालाई थप प्रभावकारी एंव गुणस्तरीय रुपमा संचालन गरिने छ ।

• संस्थागत सुत्केरी बढाउन तथा होम डेलिभरीलाई निरुत्साहित गर्न लेकम गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा वर्थिङ् सेन्टरहरु संचालनमा ल्याउन कर्मचारीहरुको दरवन्दी सृजना गरि गुणस्तरीय औजार तथा उपकरण खरिद तथा व्यवस्थापन गरिने छ ।

• स्वास्थ्य संस्थाहरुको सेवा प्रभावकारी र गुणस्तर वढाउन दरवन्दी अनुसारको पदपुर्ति सुनिश्चतता गरिने छ ।

• भौगोलिक अवस्थालाई ध्यानमा राखी प्रत्येक वडामा विषेशज्ञ सेवा सहितको जेष्ठ नागरिक हरुको लागि चिकित्सकीय शिविर संचालन गरिने छ ।

• विद्यालयमा अध्यनरत बालवालिकाहरुको स्वास्थ्यलाई ध्यानमा राखी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ ।

• स्थानीय स्वास्थ्य नीति निर्माण गरिने छ ।

• स्थानिय तहमा स्वास्थ्य संस्था संचालन निर्देशिका अवलम्वन गरिने छ ।

❖ <u>महिला बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गता क्षेत्रतर्फः</u>

- टुहुरा बालबालिकाहरुलाई दिइदै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ।
- बालक्लवहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा विरुद्धको अभियानलाई थप प्रभावकारी रुपमा लागु गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको सम्मान तथा प्रोत्साहनका लागि आवश्यक पहल गरिनेछ ।
- बालबालिकाहरुको क्षमता अभिवृद्धि तथा सृजनसिलतालाई उजागर गर्न तथा नेतृत्व क्षमता अभिवद्धिका लागि आवश्यक पहल गरिनेछ।
- अपाङ्गहरुको ज्ञान, सीप, क्षमतालाई सम्मान गर्दै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।अपाङ्ग पुर्नस्थापना योजना तयार गरि लागु गरिनेछ ।
- लैङ्गिक समानता, महिला हिंसा न्यूनिकरण, बाल विवाह अन्त्य छुवाछुत अन्त्य लगायत सामाजिक कुरिती र अन्धविश्वासलाई निरुत्साहित गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयन तथा प्रभावकारी रुपमा सञ्चालनका लागि आवश्यक प्रवन्ध गरिनेछ।

## ❖ न्याय सम्पादन तथा मेलमिलापः

- लेकम गाउँपालिकाका ६ वटै वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भईसकेको सन्दर्भमा मेलमिलाप केन्द्रहरुको सबलीकरण मार्फत स्थानीय मेलमिलाप एबम् न्यायीक निरुपणका कार्यहरुमा जोड दिईनेछ।
- न्यायिक समितिको कार्यलाई व्यवस्थित तथा न्यायोचित र निश्पक्ष गरिनेछ ।
- न्यायिक समितिमा परेका उजुरीहरुलाई मेलमिलापकर्ता परिचालन गरि सामुदायिक स्तरबाटै समाधान गरिनेछ।
- समूदाय स्तर तथा विद्यालयहरुमा न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## संस्कृति तथा पर्यटनः

- गाउँपालिकाका विभिन्न वडाहरुमा रहेका धार्मिक साँस्कृतिक,तथा पर्यटकीय स्थलहरुको स्तरोन्नति तथा प्रवर्दनका लागि विशेष पहल गरिनेछ ।
- धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थलहरुको संरक्षण गर्दै पर्यटनको सम्भावना भएका क्षेत्रहरुको अध्ययन गरी पर्यटकीय स्थलको विकास एवम् पर्यटन प्रवर्द्धनका कार्यलाई प्राथामिकता साथ कार्यान्वयन गरिनेछ।
- परम्परागत सांस्कृतिक पहिचानका रुपमा रहेका सास्कृतिक धरोहर, मठमन्दिर, भेषभूषा, सभ्यताको पहिचान तथा संरक्षणकालागि आवश्यक पहल गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः

- सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ प्रणाली मार्फत थप प्रभावकारी बनाइनेछ ।
- लाभग्राहीहरूको विवरण नियमित रूपमा अद्यावधिक गरिनेछ ।
- दोहोरो तथा अयोग्य लाभग्राही पहिचान गरी अभिलेख शुद्धीकरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाइनेछ ।
- जन्म,मृत्यु,विवाह,बसाईँसराइ,सम्बन्ध विच्छेद तथा धर्मपुत्र/धर्मपुत्री दर्तालाई शतप्रतिशत बनाउने नीति अवलम्बन गरिनेछ ।
- समयमै घटना दर्ता गराउने वातावरण सिर्जना गरिनेछ ।
- डिजिटल अभिलेख व्यवस्थापनलाई थप सुदृढ गरिनेछ ।
- वडा कार्यालय तथा शाखाका कर्मचारीहरूको क्षमता विकास गरिनेछ ।
- MIS तथा VERSP-MIS प्रणालीको प्रभावकारी प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ ।

## पूर्वाधार विकासतर्फ :

### सडक, पुल तथा भवन:

- गोकुले लाली सडक खण्डलाई थप स्तरोन्नतीका लागि कालोपत्रे सडक निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउँदै यस आर्थिक बर्षबाट बहुबर्षिय ठेक्का प्रक्रिया अगाडी बढाईनेछ ।
- ऐरिछाना धनथाला सडक खण्डको स्तरोन्नति कार्यलाई निरन्तरता दिदै यस सडकलाई बाह्रै महिना सञ्चालनमा ल्याईनेछ ।
- गाउँपालिका अन्तर्गत रहका ग्रामीण सडकहरुलाई नियमित रुपमा यातायात सञ्चालन हुने गरि आवश्यक प्रवन्ध गरिनेछ ।
- अत्यावश्यक बाहेकका लेकम गाउँपालिका भित्रका सबै ठाउँमा टुक्रे योजनाहरुलाई न्यूनीकरण गरी वस्ती विशेषको प्रतिनिधित्व हुने गरी योजना तथा कार्यक्रम निर्माण गरिने छ।
- गोकुलेश्वर लालि सडक खण्डको रिठेगाड खोला , ऐरिछाना धनथला सडक अन्तर्गत धनथलामा, लाली सेरा सडक अन्तर्गत सेरामा मोटरेवल पुल निर्माणका लागि संघ तथा प्रदेश सरकारसँगको विशेष पहल मार्फत आगामी आ.व.बाट निर्माण कार्य सञ्चालन गरिनेछ ।
- सडकको पहुँचबाट बञ्चित रहेका बस्तिहरुलाई ग्रामीण कृषि सडकमार्फत सडक सञ्जालमा जोड्न विशेष पहल गरिनेछ ।

### ऊर्जातर्फ:

- गाउँपालिका भित्र विधुतिकरण हुन बाकी रहेका टोल, बस्ति तथा घरहरुलाई समेट्ने गरि यसै आ.व. भित्र पूर्ण विधुतिकरणका लागि पहल गरिनेछ ।
- बैकल्पिक उर्जा तथा सौर्य उर्जाको विकास तथा विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

### जलस्रोत तथा सिचाँइ:

- पोखरी निमार्ण, कुलो तथा नहर निर्माण र मर्मत जस्ता कार्यहरु संघ, प्रदेश र स्थानीयतहको सहकार्यमा सबै कृषि योग्य क्षेत्रमा नियमित रुपमा सिचाँइ गर्ने व्यवस्था गरिनेछ ।
- सिंचाईका लागि मुहानको सम्भाव्यता हेरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ सिचाइ योजनाहरु संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ।
- जलवायु परिवर्तन तथा विपदको प्रभावलाई ध्यानमा राखि खानेपानी योजनाहरु सञ्चालन गरिनेछ
- खानेपानीका स्रोतहरुको संरक्षण,संवर्द्धन र दिगो व्यवस्थापन गरिनेछ ।
- N-WASH कार्यक्रम मार्फत गाउँपालिका भित्रका खानेपानी मूहान संरक्षण र धाराको डिजिटल प्रोफाइल तयार गरि स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न पहल गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन:

- भूमीको व्यवस्थापन,सार्वजनिक जमिनको संरक्षण, भूमीहिन नागरिकलाई उचित व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।
- छुट मुक्त हलियाहरुको लगत संकलन कार्यलाइ कार्यान्वयन गर्दै मुक्त हलिया पहिचान गरि पुर्नस्थापनाको प्रकृया अगाडि बढाईने छ।
- सामुदायिक वनहरुको व्यवस्थापन तथा संरक्षणका लागि वन कार्यालयसँगको सहकार्यमा वन फडानी तथा विनाश रोक्न प्रवदनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनहरुको सहकार्यमा स्थानीय स्तरमा उत्पादित कच्चा पदार्थ तथा काष्ठ तथा फर्निचर मिल सञ्चालन गर्न गाउँपालिकाले आवश्यक पहल गरिनेछ ।
- वातावरण संरक्षण र स्वच्छता कायम गर्न सामुदायिक वन,खाली जमिन र नदि किनारहरुमा वृक्षारोपण गरिनेछ ।

## विपद् तथा प्रकोप व्यवस्थापन:

- स्थानीय विपद व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाई विपदको समयमा उद्दार,पुन:स्थापन तथा राहत कार्य गर्न विभिन्न सरोकारवाल निकायसँग समन्वय गरि विपद पूर्वतयारी र उद्धार सम्बन्धी आवश्यक प्रवन्ध गरिनेछ ।
- विपदबाट प्रभावित क्षेत्रको पहिचान गरि त्यसको संरक्षणका लागि विशेष पहल गरिनेछ ।

## सुशासन सेवा प्रवाह तथा मानव संशाधन विकासतर्फ:

- लेकम गाउँपालिका मातहत रहेका सबै करार कर्मचारीहरुलाई आगामी आ.व. देखि सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ ।
- कर्मचारी प्रशासनलाई व्यवस्थित बनाउन गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्थामा यथाशीघ्र ई-हाजिरीको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुको र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M survey) अद्यावधिक गरि कार्यान्वयन गरिनेछ।
- छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई मध्यनजर गर्दै हेल्प डेस्क, गुनासो पेटिका, विद्युतिय सुचना पाटी तथा अन्य E-Governance का साधनहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनलाई वैज्ञानिक र व्यवस्थित वनाउन प्रत्येक शाखा तथा कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गरि कार्यान्वयनमा ल्याईनेछ ।

## सूचना तथा संचार प्रविधिः

- कार्यालय तथा वडा कार्यालयहरूमा सुरक्षित तथा भरपर्दो उच्च गतिको इन्टरनेट सेवाको विस्तार तथा स्तरोन्नति गरिनेछ।
- अनलाइन गुनासो व्यवस्थापन तथा सेवा अनुरोध प्रणाली सञ्चालन गरिनेछ।
- नागरिक वडापत्र, डिजिटल सूचना बोर्ड तथा सूचनाहरूलाई डिजिटल माध्यमबाट सम्प्रेषित गरिनेछ।
- सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।कार्यालयका सूचना प्रणालीहरूको नियमित सुरक्षा परीक्षण तथा अद्यावधिक गरिनेछ।
- CCTV निगरानी प्रणाली विस्तार तथा व्यवस्थापन गर्दै बैठक कक्षमा भिडियो कन्फ्रेन्सिङ प्रणाली स्थापना गरिनेछ।
- QR Code आधारित सूचना तथा सेवा पहुँच प्रणाली विकास गरिनेछ।

## सुरक्षा व्यवस्थापनः

- पालिकाभित्र हुने मानव बेचविखन, लागुपदार्थ ओसारपसार, चोरी डकैती जस्ता कार्यको नियन्त्रण गरि शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासन तथा सुरक्षा निकायसँग पहल गरिनेछ।
- सामाजिक समस्याका रुपमा रहेका आत्महत्या, कुलत, दुर्व्यसनी जस्ता कार्यहरुको निवारणका लागि जनचेतना अभिवृद्वि तथा सचेतनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## वित्तीय व्यवस्थापन तथा सुशासनः

- पालिकाले प्रदान गर्ने सेवा प्रवाहको सम्बन्धमा सरोकारवालाहरुको उपस्थितिमा नियमित सार्वजनिक सुनुवाईको आयोजना तथा गुनासो व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउदै लगिने छ।
- बेरुजु न्युनिकरणका लागि आर्थिक कार्य प्रणालीलाई चुस्त दुरुस्त बनाई वित्तिय सुशासन कायम गरिने छ।
- आन्तरिक तथा अन्तिम लेखापरिक्षणबाट हुन आएको बेरुजु समयमै फछ्र्यौट गरि बेरुजु न्युनिकरणलाई प्राथमिकता दिईनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि मापदण्ड बनाई प्रभावकारी रुपमा लागु गरिनेछ।
- सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी ,मितव्ययी एवम् वस्तुनिष्ठ बनाई पालिकाको वित्तिय अनुशासन थप प्रभावकारी बनाईनेछ ।
- आर्थिक क्रियाकलापको विवरणहरु वेवसाईट मार्फत सार्वजनिक गरिनेछ ।
- सूचनाको हकसम्बन्धि ऐन २०६४ र नियमावली २०६५ बमोजिम गाउँपालिकाको सम्पूर्ण सम्पादित कार्यहरुको विवरण स्वत: प्रकाशन गरिनेछ ।

यस लेकम गाउँपालिको १९ औं गाउँसभा अधिवेशनको गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरु, आर्थिक वर्ष २०८३/०८४ का लागि तर्जुमा गरिएको लेकम गाउँपालिकाको नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनमा यहाँहरु सबैको साथ, सहयोग र समन्वयको अपेक्षा सहित लेकम गाँउपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधी, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूहहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघ संस्था सुरक्षाकर्मी, पत्रकार, लेकमवासी, बुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यबाद
रामदत्त जोशी
गाउँपालिका अध्यक्ष
२०८३ असार १०